


एचआईडीसीएलद्वारा दुई आयोजनामा ६० करोड लगानी....................१

एचआईडीसीएल र बैंकहरुबीच पुर्नकर्जाको विषयमा छलफल.......२

एडीबीका उच्च अधिकारीसंग भेट.............................२

२०७० चत्र | वष १/अङ्क ५

# एच.आइ.डि.सि.एल. न्यूजलेटर

**HYDROELECTRICITY INVESTMENT & DEVELOPMENT COMPANY LIMITED**

**जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको**

**द्वैमासिक ईपेपर**

*जलविद्युतको विकासबाट समृद्व नेपालको निर्माणमा अघि बढ्दै*

## एचआईडीसीएलद्वारा दुई आयोजनामा ६० करोड लगानी




आयोजना क्षेत्र

एचआईडीसीएलले दोलखामा रहेको खानीखोला (३० मेगावाट) र सोलुमा पर्ने सोलु जलविद्युत् आयोजना ( २३.५ मेगावाट) मा सहवित्तीयकरण अर्न्तगत ६० करोड रुपैयाँ लगानी गरेको छ । दुई आयोजनाको जडित क्षमता ५३.५ मेगावाट छ । खानीखोलामा प्राइम कर्मर्शियल बैंकको अगुवाईमा एचआईडीसीएलले ४० करोड रुपैयाँ लगानी गर्ने छ । यस्तै सोलुमा लक्ष्मी बैंकको अगुवाईमा एचआईडीसीएलले २० करोड रुपैयाँ लगानी गर्ने सम्झौता गरेको छ । यी दुबै आयोजना आन्तरिक खपतका लागि बन्न लागेका हुन् । आगामी ५ वर्षसम्म आयोजना सम्पन्न हुनेछन् । दुबै आयोजनासंग चाँडै वित्तीय सम्झौता हने छ ।

खानीखोला जलविद्युत आयोजना सासा इन्जिनियरिङ हाइड्रोपावर प्रा.लि. ले निर्माण गर्न लागेको हो जसमा पवित्र कुमार कार्की, लाक्पा सोनाम शेर्पा र आङ्ग छिरिङ्ग शेर्पा प्रमुख शेयरधनीको रुपमा रहेका छन् । त्यसै गरी, सोलुखोला आयोजना अपरसोलु हाइड्रोइलेक्ट्रि कम्पनी प्रा.लि.ले निर्माण गर्न लागेको हो जसको प्रमुख शेयरधनीको रुपमा आइसिटिसि ग्रुप अफ कम्पनी रहेको छ ।

यी दुई समेत गरी एचआईडीसीएलले हालसम्म लगानी गरेका आयोजनाको संख्या ४ पुगेको छ । यी ४ आयोजनाबाट १ सय २४ मेगावाट विद्युत् उत्पादन हुने छ ।

### आयोजनाहरुको संक्षिप्त विवरण

| विशेषता | खानी खोला ज.वि. आयोजना | सोलु खोला ज.वि. आयोजना |
|---|---|---|
| आयोजना स्थल | दोलखा जिल्ला | सोलुखुम्बु जिल्ला |
| आयोजना क्षमता | ३० मेगावाट | २३.५ मेगावाट |
| आयोजना लागत | ३ अर्ब ३० करोड | ४ अर्ब |
| कर्जा र सेयर अनुपात | ७०/३० | ७५/२५ |
| कुल कर्जा | २ अर्ब ६० करोड | ३ अर्ब ७ करोड |
| एचआईडीसीएल लगानी | ४० करोड | २० करोड |
| ब्याज दर | १२ प्रतिशत | १२ प्रतिशत |
| आन्तरिक प्रतिफल | २०.८ प्रतिशत | १६.९९ प्रतिशत |
| विद्युत् उत्पादन मिति | मे २०१६ | मे २०१६ |

# एचआईडीसीएल र बैंकहरुबीच पुर्नकर्जाको विषयमा छलफल

जलविद्युत्मा पुर्नकर्जाको सुविधा ल्याउन र यससम्बन्धित विचारका साथ नीति तयार गर्ने उद्धेश्यका साथ जलविद्युत् लगानी तथा विकास कम्पनी लिमिटेड (एचआईडीसीएल) ले गत मार्चमा राजधानीमा सरोकारवालासंग छलफलको आयोजना गऱ्यो । छलफलमा नेपाल राष्ट्र बैकका गर्भनर डा. युवराज खतिवडाका अतिरित्त विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतको सहभागिता थियो ।

बैंककै जोखिमा न्युनतम १० देखि १५ मेगावाटसम्मका आयोजनालाई पुर्नकार्जा सुविधा दिनका लागि एचआईडीसीएललाई व्यापारिक अधिकार रहेको छ । दीर्धकालका लागि लगानी गर्नका लागि ल्याइन लागेको पुर्नकर्जा सुविधामा बैंकहरु लगानी गर्न इच्छुक देखिएका छन् ।

कार्यक्रमको अध्यक्षता तत्कालिन ऊर्जा मन्त्रालयका सचिव तथा एचआईडीसीएलका अध्यक्ष विश्वप्रकाश पण्डितले गर्नुभएको थियो । प्रमुख अतिथी राष्ट्र बैंकका गर्भनर खतिवडा रहनु भएको थियो । बैंकका उच्चअधिकारीका अतिरित्त सरकारी अधिकारीको कार्यक्रममा सहभागिता रहेको थियो । सहभागीले प्रस्तावित लगानी नीतिमा सकरात्मक हुनुका साथै यस विषयमा चासो राखेका थिए । कार्यक्रमको उद्धेश्य एचआईडीसीएलको जारी गतिविधि, जलविद्युत्मा लगानी अवसरका साथै प्रस्तावित पुर्नकर्जा सुविधाको विषयमा सरोकारवालबाट सल्लाह लिनु थियो ।

## सीईओ रौनियारद्धारा नेपाल विजनेश कन्क्लेभलाई सम्बोधन

एचआईडीसीएलका सीईओ दीपक रौनियारले नेपालको जलविद्युत्मा लगानी संभावना विषयक प्रस्तुतीकरण गर्नुभयो । नेपाल सरकार र नेपाल उद्योग वाणिज्य महासंघले मार्च २३ र २४ मा राजधानीमा संयुक्त रुपमा आयोजना गरेको कन्केलेभका अवसरमा उहाँले लागानी संभावनाका बारेमा प्रस्तुती गर्नुभएको हो । प्रधानमन्त्री सुशील कोइरालालो कन्केलेभको उद्घाटन गर्नुभएको थियो । कन्केलेभका प्रमुख वक्ता मलेशियाका पुर्वप्रधानमन्त्री महाथिर मोहम्मद हुनुहुन्थ्यो । उहाँले मलेशियालाई कृषि अर्थतन्त्रबाट औद्योगिक अर्थतन्त्रमा रुपान्तरण गर्नुभएको थियो ।

सीइओ रौनियारले आफनो प्रस्तुतीमा नेपालको ऊर्जाका विभिन्न क्षेत्रमा वैदेशिक लगानी अवसर रहेको जानकारी गराउनुभएको थियो । उहाँले एचआईडीसीएले जलविद्युत्मा वैदेशिक लगानी भित्राउनका लागि च्यानलको रुपमा काम गर्ने जानकारी दिनुभयो ।

नेपालको पर्यटन, व्यापार लगायत ऊर्जाका क्षेत्रमा लगानीको अवसरका लागि जोड दिएको छ । कन्केलेभमा सरकारी प्रतिनिधीका अतिरित्त मलेशिया, चीन, बेलायत, भारत र क्यानाडाका व्यावसायी र लगानीकर्ताको सहभागिता रहेको थियो ।

## एडीबीका उच्चअधिकारीसँग भेट

एचआईडीसीएलका सञ्चालक कृष्णप्रसाद आचार्य र सीईओ दीपक रौनियारले गत अप्रिल ९ देखि १२ तारिखसम्म एसियाली विकास बैंक (एडीबी) को निमन्त्रणमा मनिला भ्रमणमा जानुभएको थियो । सो अवसरमा सञ्चालक आचार्य र सीईओ रौनियारले एचआईडीसीएलको गतिविधिका साथै नयाँ योजनाका बारेमा जानकारी गराउनुभएको थियो । सो अवसरमा सहयोगको विषयमा छलफलसमेत भएको थियो ।

छलफलका कममा एडीबीको सहयोगमा नदीको वहावमा आधारित (रन अफ दी रिभर) आयोजना सार्वजनी निजी साझेदार (पीपीपी) मोडलेलमा आयोजना विकास गर्न संभावित मोडेलका कुराकानी भएको थियो । बैंकका अधिकारीसंग ऊर्जा क्षेत्रको विकासका बारेमा सहुलियत कर्जा लगायत अन्य लगानीका विषयमा विभिन्न चरणमा छलफल भएका थिए । एचआईडीसीएलले ५ करोड डलर सहुलियत कर्जाका लागि आसय देखाएको थियो । नेपालको ऊर्जा क्षेत्रको संभावनाको विकासका लागि एडीबीका अधिकारीहरुले सहयोगका लागि उत्सुकता देखाएका थिए ।

द्वैमासिक ईपेपर

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड
बबरमहल, काठमाडौं
फोन: ९७७-१-४२५७०२४, ४२५७०२५ फ्याक्स:+९७७-१-४२६१०६० इमेल: info@hidcl.org.np URL:www.hidcl.org.np